नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन तथा अभिलेख विभाग

(बबरमहल, काठमाडौं)

जारी मितिः २०८१।०२।१७

## सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा घरजग्गा खरिद वा विक्री व्यवसायीहरू (सूचक संस्थाहरु) लाई जारी गरिएको निर्देशन, २०८१

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७न. को उपदफा (२) बमोजिम नेपाल सरकारको निर्णयले भूमि व्यवस्थापन तथा अभिलेख विभागलाई उक्त ऐनको दफा २ को खण्ड (ढ) को उपखण्ड (२) बमोजिमका घरजग्गा खरिद वा विक्री व्यवसायीको कामकारबाहीको हकमा नियमनकारी निकाय तोकेकोले उक्त ऐनको मिति २०८०/१२/३० मा भएको संशोधन र सो अन्तर्गत जारी गरिएका नियम, निर्देशन, आदेश बमोजिम काम कारबाही गर्न गराउन घर जग्गा खरिद वा बिक्रि व्यवसायीलाई सोही ऐनको दफा ७प. को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी घरजग्गा खरिद वा बिक्रि व्यवसायीहरूका लागि विभागले देहाय बमोजिमको निर्देशन जारी गरेको छः-

१. सूचक संस्था भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ढ) को उपखण्ड (२) मा उल्लेख भएबमोजिम घरजग्गा खरिद वा विक्री गर्ने उद्देश्य राखी स्थापित फर्म, कम्पनी, संस्था वा व्यक्तिगत रूपमा व्यवसायिक तवरले घरजग्गा खरिद वा विक्री गर्ने व्यवसायी पर्नेछन्। त्यस्ता व्यवसायीले कुनै पनि प्रकार र मूल्यको घर जग्गा खरिद बिक्री गराउँदा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिमका व्यवस्था पालना गरी सीमा र शङ्कास्पद कारोबार बाहेकको समग्र कार्यान्वयनको प्रतिवेदन अर्धवार्षिक र वार्षिक रुपमा अनुसूची बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ।

२. यस निर्देशन बमोजिम घरजग्गा खरिद वा विक्रीको व्यवसाय गर्ने व्यवसायीले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को व्यवस्था पालना गरी सोको विवरण सम्बन्धित मालपोत कार्यालयमा र सीमा तथा शंकास्पद कारोबारको विवरण नेपाल राष्ट्र बैङ्कमा रहेको वित्तीय जानकारी ईकाईले तोकेको ढाँचा, माध्यम र समयमा उक्त इकाईमा यथासक्य छिटो बुझाउनु पर्नेछ।

३. सम्बन्धित मालपोत कार्यालयले बुँदा नं २ बमोजिम घर जग्गा खरिद वा बिक्रि व्यवसायीले पेस गरेको प्रतिवेदन एकिकृत रुपमा विभागमा पेस गर्नेछ र सो को आधारमा विभागले वा विभागले तोकेको अधिकारीले समय समयमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन,२०६४ बमोजिम जोखिमका आधारमा घरजग्गा खरिद वा विक्री व्यवसायीको निरिक्षण तथा सुपरीवेक्षण र अनुगमन गर्नेछ।

महानिर्देशक

जारी मितिः २०८१।०२।१७

४. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन,२०६४ बमोजिम काम कारवाही नगर्ने घरजग्गा खरिद वा विक्री व्यवसायीलाई विभागले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७फ. र अन्य निकायले प्रचलित कानूनबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउन सक्नेछन्।

५. यस सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम विभागले क्रमशः गर्दै जानेछ।

६. विभागले मिति २०७९/०२/२४ मा जारी गरेको निर्देशन खारेज गरेको छ। उक्त निर्देशन बमोजिम भएको काम कारबाही यसै निर्देशन बमोजिम भएको मानिनेछ।

(विदुर प्रसाद खनाल)
महानिर्देशक

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन तथा अभिलेख विभाग

(बबरमहल, काठमाडौ)

जारी मितिः २०८१।०२।१७

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
बबरमहल, काठमाडौं

## अनुसूची

## प्रतिवेदनको सामान्य ढाँचा

साल......महिना.............

(क) विवरण

१। जोखिंम मूल्याङ्कन सम्पन्न गरेको मितिः

२। जोखिम मूल्याङ्कन अद्यावधिक गरेको मितिः

| क्रस. | विवरण | गत आव. सम्मको | चालु आ.ब. | | | | | | | | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | श्रा. | भा | आ | का | मं | पु | मा. | फा | चै | बै | जे | आ | | |
| १. | जम्मा ग्राहकको संख्या | | | | | | | | | | | | | | | |
| | कारोबार सम्पन्न भएका ग्राहकको संख्या | | | | | | | | | | | | | | | |
| २. | पहिचान पूरा नभएका कारण कारोबार नभएको ग्राहकको संख्या | | | | | | | | | | | | | | | |
| ३. | उच्च जोखिममा रहेका ग्राहकको संख्या | | | | | | | | | | | | | | | |



२।१६

महानिर्देशक

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन तथा अभिलेख विभाग

(बबरमहल, काठमाडौं)

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय भूमि व्यवस्थापन तथा अभिलेख विभाग बबरमहल, काठमाडौं

जारी मितिः २०८१।०२।१७

| क्र.स. | विवरण | गत आव. सम्मको | चालु आ.ब. | | | | | | | | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | श्रा. | भा | आ | का | मं | पु | मा. | फा | चै | बै | जे | आ | | |
| ४. | मध्यम जोखिममा रहेका ग्राहकको संख्या | | | | | | | | | | | | | | | |
| ५. | न्यून जोखिममा रहेका ग्राहकको संख्या | | | | | | | | | | | | | | | |
| ६. | जोखिम स्तर परिवर्तन भएका ग्राहकको संख्या | | | | | | | | | | | | | | | |
| ७. | उच्च पदस्थ पदाधिकारी ग्राहक, वास्तविक धनी वा हिताधिकारी भएको संख्या | | | | | | | | | | | | | | | |
| ८. | वास्तविक धनी पहिचानको संख्या | | | | | | | | | | | | | | | |
| ९. | अनुगमन गरिएको | | | | | | | | | | | | | | | |



महानिर्देशक

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन तथा अभिलेख विभाग

(बबरमहल, काठमाडौं)

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय भूमि व्यवस्थापन तथा अभिलेख विभाग बबरमहल, काठमाडौं

जारी मितिः २०८१।०२।१७

| क्रस. | विवरण | गत आव. सम्मको | चालु आ.ब. | | | | | | | | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | श्रा. | भा | आ | का | मं | पु | मा. | फा | चै | बै | जे | आ | | |
| | ग्राहकको संख्या | | | | | | | | | | | | | | | |
| १०. | शंकास्पद कारोबार प्रतिवेदनको संख्या | | | | | | | | | | | | | | | |
| ११. | क्षमता अभिवृद्धि | | | | | | | | | | | | | | | |

(ग) गत आ.व.मा गरिएका प्रमुख गतिविधि तथा चुनौतीः

(घ) आगामी आ.व. का कार्ययोजनाः

आधिकारीक हस्ताक्षर

| तयार गर्ने | स्वीकृत गर्ने |
|---|---|
| हस्ताक्षर | हस्ताक्षरः |
| नाम | नामः |
| पद | पदः |
| मिति | मितिः |

महानिर्देशक